## लोक सेवा आयोग

## नेपाल आर्थिक योजना तथा तथ्याङ्क, कृषि, वन, इन्जिनियरिङ्ग, शिक्षा र विविध सेवाका सबै समूह/उपसमूहका राजपत्रांकित प्रथम श्रेणी (सहसचिव वा सो सरह) को (खुला र आन्तरिक प्रतियोगिता) परीक्षाको पाठ्यक्रमको ढाँचा

### परीक्षा योजना (Examination Scheme)

| पत्र | विषय | खण्ड | परीक्षा प्रणाली | प्रश्न संख्या | अङ्क भार | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासन र विकास र सेवा सम्बन्धी सामान्य विषय | (क) प्रशासन र विकास | छोटो छोटो उत्तर | १० | १० प्रश्न ×५ अङ्क = ५० अङ्क | १.३० घण्टा | ५० | ४० |
| | | (ख) सेवा सम्बन्धी सामान्य विषय | लामो उत्तर | ५ | ५ प्रश्न ×१० अङ्क = ५० अङ्क | १.३० घण्टा | ५० | |
| द्वितीय | सेवा सम्बन्धी प्राविधिक विषय | | विश्लेषणात्मक समीक्षा | ४ | ४ प्रश्न ×१५ अङ्क = ६० अङ्क | ३ घण्टा | १०० | ४० |
| | | | विश्लेषणात्मक र समाधानमूलक उत्तर | २ | २ प्रश्न ×२० अङ्क = ४० अङ्क | | | |

१. माथि उल्लिखित सबै सेवा अन्तर्गतका समूह/उपसमूहहरुको पाठ्यक्रमको प्रथम पत्र खण्ड (क) को विषयवस्तु एउटै हुनेछ ।

२. प्रथम पत्र खण्ड (क) को लिखित परीक्षा सेवागत रुपमा अर्थात् एउटा सेवा अन्तर्गतका समूह/उपसमूहका लागि संयुक्त रुपमा एउटै प्रश्नपत्रवाट एकैदिन वा छुट्टाछुट्टै प्रश्नपत्रवाट छुट्टाछुट्टै दिन पनि हुन सक्ने छ भने प्रथम पत्र खण्ड (ख) को परीक्षा समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रवाट हुनेछ । यसैगरी द्वितीय पत्रको परीक्षा पनि समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रबाट हुनेछ ।

३. प्रथम पत्र खण्ड (क) को लागि एउटा मात्र उत्तरपुस्तिका हुनेछ भने प्रथम पत्र खण्ड (ख) र द्वितीय पत्रका प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् ।

४. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

५. यथासम्भव प्रश्नहरु नेपालको सन्दर्भमा सोधिने छन् ।

६. समस्या समाधानको उत्तर आवश्यकता अनुसार निम्नानुसार चार भागमा विभाजन गरी प्रस्तुत गर्नु पर्नेछः-
   (क) पहिलो भागमा समस्याको पहिचान
   (ख) दोस्रो भागमा समस्या समाधानको लागि मौजुदा सरकारी नीति र कार्यक्रम
   (ग) तेस्रो भागमा समस्या समाधानको लागि सुझाव
   (घ) चौथो भागमा सुझाव कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ठोस तरिका

७. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई ) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

८. पाठ्यक्रम लागु मिति २०६०।८।१६ गते

९. प्रथम पत्र खण्ड (क) परिमार्जन मिति २०६४ । ६ । १७ गते

लोक सेवा आयोग
नेपाल आर्थिक योजना तथा तथ्याङ्क, कृषि, वन, इन्जिनियरिङ्ग, शिक्षा र विविध सेवाका सबै समूह/उपसमूहका राजपत्रांकित प्रथम श्रेणी (सहसचिव वा सो सरह) को
(खुला र आन्तरिक प्रतियोगिता) परीक्षाको पाठ्यक्रम

**प्रथम पत्र :- खण्ड (क) प्रशासन र विकास** अङ्क :- ५०

१. राज्य र सरकार

- १.१ व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीचको अन्तरसम्बन्ध
- १.२ सरकारको स्वरुप
- १.३ सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन
- १.४ नेपालको अन्तरिम संविधान, २०६३

२. सार्वजनिक प्रशासन

- २.१. सार्वजनिक प्रशासनका अवधारणाहरु
- २.३. कर्मचारी प्रशासनका विविध पक्षहरु
- २.४ आर्थिक प्रशासन - बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन
- २.५ निजामती सेवामा पारदर्शिता र यसका सीमाहरु
- २.६ सार्वजनिक उत्तरदायित्व
- २.८ जनतालाई पुऱ्याउने सेवा प्रभावकारी तुल्याउने उपाय

३. व्यवस्थापन

- ३.१ व्यवस्थापनको अवधारणा र सिद्धान्त
- ३.२ कुशल व्यवस्थापकका कार्य (Functions) र गुणहरु (Attributes)
- ३.३ व्यवस्थापनका विभिन्न पक्षहरु
  - ३.३.१ नेतृत्व
  - ३.३.२ उत्प्रेरणा
  - ३.३.३ निर्णय प्रक्रिया
  - ३.३.४ समन्वय
  - ३.३.५ सहभागितामूलक व्यवस्थापन
  - ३.३.६ टोलीगत कार्य (Team Work)
- ३.४ वार्ता, सम्झौता तथा मध्यस्थता गर्ने सीपहरु र मस्यौदा तयारी प्रक्रिया

४. विकासका आयामहरु

४.१ विकास प्रशासनको सिद्धान्त र व्यवहार
४.२ योजना ,परियोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
४.३ आवधिक योजना र कार्यक्रम
४.४ विकासमा जनसहभागिता
४.५ दिगो विकास
४.६ विकेन्द्रीकरण
४.७ मानवीय संसाधन विकास
४.८ गरीवी निवारण
४.९ सुशासन
४.१० मिश्रित अर्थतन्त्र
४.११ खुला बजारमुखी अर्थतन्त्र
४.१२ विश्वव्यापीकरण
४.१३ निजीकरण
४.१४ विकासमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको भूमिका
४.१५ जनसंख्या र बसाँईसराई

५. लोकतन्त्र र मानव अधिकार
५.१ लोकतन्त्र र समावेशीकरण
५.२ कानुनी राज्य
५.३ मानव अधिकार
५.४ लैंगिक सवाल (Gender Issues)
५.५ आरक्षण र सकारात्मक विभेद
५.६ प्रतिनिधित्वको सिद्धान्त र समानुपातिक प्रतिनिधित्व

६. नेपाली समाज र यस्को बनोट

६.१ नेपालका विविध जात/जाति/वर्ग/समुदायहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक अवस्था र रहनसहन
६.२ आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्ग र महिलाहरुको वर्तमान अवस्था, उत्थानका प्रयासहरु, समस्या, समाधान र सम्भावनाहरु

लोक सेवा आयोग

नेपाल ईन्जिनियरिङ्ग सेवा, केमिष्ट्री समूह, राजपत्रांकित प्रथम श्रेणी (खुला प्रतियोगिता र आन्तरिक प्रतियोगिता) को लिखित परीक्षाको पाठ्यक्रम

**खण्ड (ख) सेवा सम्बन्धी**

१. निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०
२. खाद्य ऐन, २०२३ र खाद्य नियमावली ,२०२७
३. उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६
४. नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ र नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४०
५. वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४
६. औषधी ऐन, २०३५ र औषधी नियमावली, २०४२
७. वन ऐन, २०४९ र वन नियमावली, २०५१
८. विज्ञान तथा प्रविधि नीति, २०४५
९. सूचना प्रविधि नीति, २०५७
१०. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
११. चालु पंचवर्षीय योजना